# कोशी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

लौकही, सुनसरी

कोशी प्रदेश, नेपाल


पत्र संख्याः ०७९/८०

चलानी नं १४३८

कोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लौकही, सुनसरी कोशी प्रदेश,नेपाल

मितिः २०७९।१२।०५

श्री कक्षा ८ सञ्चालित सम्पुर्ण विद्यालयहरु,

कोशी गाउँपालिका, सुनसरी ।

विषयः परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा ।

प्रस्तुत विषयमा शैक्षिक सत्र २०७९ को आधारभूत तह (कक्षा ८) उत्तिर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा देहाय बमोजिम गर्न गराउन हुन अनुरोध छ ।

देहायः

क) विद्यालयले परीक्षा सुरु हुने प्रत्येक दिन तोकिएको समयभन्दा बढिमा ३० मिनेट अघी केन्द्राध्यक्ष तथा कम्तिमा २ जना शिक्षकहरुको उपस्थितिमा प्रश्नपत्रको सिलबन्दी प्याकेट खोली उक्त सिलबन्दी प्याकेट भित्र रहेको प्रश्नपत्र खोलेको मुचुल्कामा तोकिएको विवरण भरेर सहिछाप गरी परीक्षा सञ्चालन गराउन हुन र सम्पुर्ण परीक्षाहरु सम्पन्न भएपश्चात उक्त मुचुल्काहरु यस शाखामा बुझाउने व्यवस्था मिलाउन

ख) विद्यार्थीहरुलाई अनिवार्य रुपमा प्रवेश पत्र सहित परीक्षा हलमा उपस्थित हुन निर्देशन दिनुहुन साथै प्रवेशपत्र हराएमा केन्द्राध्यक्षले नियमानुसार प्रतिलिपी प्रदान गरी सो को जानकारी यस शाखालाई दिनुहुन ।

ग) एक बेन्चमा बढिमा २ जना मात्र परीक्षार्थी रहने गरेर बसाई योजना तयार गरी परीक्षा सञ्चालन गर्नु हुन ।

घ) प्रश्नपत्र साथ उपलव्ध भएको विद्यार्थीको दैनिक हाजीरी फाराम भराई सम्पुर्ण परीक्षाहरु सम्पन्न भएपश्चात उक्त हाजिरी यस शाखामा बुझाउने व्यवस्था मिलाउन हुन ।

ङ) लिखित परीक्षा सञ्चालन पश्चात सम्बन्धित विद्यालयका विषयगत शिक्षकहरुबाट नै उत्तरपुस्तिका परीक्षण तथा समपरीक्षणको व्यवस्था मिलाउन हुन र परीक्षण पश्चात विषयगत रुपमा सबैभन्दा बढी र सबैभन्दा कम अंक प्राप्त गर्ने विद्यार्थीको उत्तरपुस्तिका सिलबन्दी गरी २०७१।१२।१७ सम्ममा यस शाखामा पेश गर्नु हुन ।

च) प्रयोगात्मक परीक्षा सञ्चालन गराई सम्बन्धित तहको पाठ्यक्रमले तोकेबमोजिमको ढाँचामा अभिलेखिकरण गरी सो को प्राप्ताङ्क साथै लिखित परीक्षाको प्राप्ताङ्क Exam Template मा प्रविष्टि गरी IEMIS Web मा Upload गर्ने र प्रमाणित Hard Copy यस शाखामा मिति २०७९।१२।१७ सम्ममा पेस गर्नु हुन । उक्त कार्यका लागि स्थलगत सहजीकरण आवश्यक परेमा शाखामा समन्वय गर्नु हुन ।

छ) परीक्षा शैक्षिक व्यवस्थापन सूचना प्रणालीबाट सञ्चालन, व्यवस्थपन तथा प्रमाणिकरण हुने हुँदा समयमानै तथ्याङ्क नभरेका कारण विद्यार्थीहरुको नतिजा प्रकाशन हुन नसकेमा सम्बन्धित विद्यालयनै जिम्मेवार हुने भएकोले सो को व्यवस्थापन तोकिएको समयमानै गर्नु हुन ।

ज) IEMIS मा विद्यार्थीको विवरण जन्मदर्ता बमोजिम नभएमा विद्यार्थीले प्राप्त गरेको अंक प्रविष्टि गर्नु अगावै विवरण सच्याएर Update गर्नुहुन र IEMIS Web मा Upload का लागि यस शाखामा पठाउनु हुन ।

झ) परीक्षासँग सम्बन्धित कुनै पनी विषयमा अस्पष्टता भएमा यस शाखामा सम्पर्क गर्नु हुन ।

ञ) परीक्षाको नतिजा लेटर ग्रेडिङ निर्देशिका २०७८ अनुसार प्रकाशन हुनेछ ।

२०७९।१२।०५

बेदराज अधिकारी
अधिकृत छैठौं
शिक्षा शाखा प्रमुख


प्रमुख प्रशासकिय अधिकृतफोन नं. : ०२५४०१०२५ email : koshigaupalika@gmail.comwebsite: www.koshimun.gov.np